# जग्गा भाडामा लिने बारे १५ दिने सूचना

प्रकाशित मिति : २०८१/०५/१९ गते

यस बैंकलाई केही संख्यामा सवारी साधन पार्किङ्ग तथा अन्य प्रयोजनको लागि २ देखि ३ रोपनीसम्मको जग्गा रिङ्गरोडबाट भित्र वा ३ देखि ५ कि.मी. बाहिर (कम्पाउण्ड तथा सेड भएको जग्गालाई विशेष प्राथमिकता) आवश्यक भएकोले, जग्गा भाडामा दिन ईच्छुक फर्म/कम्पनी तथा व्यक्तिले निम्नानुसारको शर्तहरु अधिनमा रहि यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रीतपुर्वकको शिलबन्दी कोटेशन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्त तथा बन्देजहरु :**

१. बैंकले निर्धारण तथा प्रमाणित गरेको सक्कल बोलपत्र फाराम बैंकबाट लिई सोहि बमोजिम पेश गरिएको हुनु पर्नेछ । प्रतिलिपी वा फोटोकपीमा भरिएको बोलपत्रलाई मान्यता दिइने छैन । बोलपत्र फाराम यस बैंकको केन्द्रीय कार्यालयको सामान्य सेवा विभाग, थापाथलीबाट यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कारोबार समय सम्म प्राप्त गर्न सकिनेछ ।

२. शिलबन्दी कोटेशनसाथ आफूले भाडामा दिन चाहेको जग्गाको विवरण र मासिक भाडादर उल्लेख गरि जग्गाको स्वामित्वको प्रमाणपत्र र जग्गाधनीको नागरिकताको फोटोकपी, संघ संस्था, फर्म वा कम्पनी भए दर्ता प्रमाणपत्र, स्थाई लेखा नम्बर तथा संचालक समितिको निर्णय ।

३. भाडामा दिने जग्गामा न्युनतम १६ फिटको सडकसँग जोडिएको हुनुपर्नेछ ।

४. भाडामा दिने जग्गा कुनै किसिमको कानूनी झमेला नभएको हुनुपर्नेछ ।

५. जग्गा भाडामा दिदा २ देखि ५ वर्ष अवधिको लागि दिनुपर्नेछ ।

६. कोटेशन बुझाउने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिनमा उपरोक्त कार्यहरु हुनेछन् ।

७. जग्गा भाडामा लिने वा नलिने, प्राप्त भएका कोटेशनहरु कारण जनाई वा नजाई स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

८. एक वा एक भन्दा बढी जग्गाधनी भएमा निजहरुले संयुक्तरुपमा पनि प्रस्ताब पेश गर्न सक्ने छन् ।

**कोटेशन पेश गर्ने अन्तिम मिति :** २०८१/०६/२ गते बुधबार (कार्यालय समय भित्र)

**खोलिने मिति :** २०८१/०६/०४ गते शुक्रबार (मिति २०८१/०६/०३ गते बिहीबार सार्वजनिक विदा परेकोले) बिहानको ११:०० बजे

**स्थान :** महालक्ष्मी विकास बैंक लि.को सामान्य प्रशासन विभाग, थापाथली, काठमाण्डौं


महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

**केन्द्रीय कार्यालय** दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१–५३६८१५३, ५३६८७१९

**सामान्य प्रशासन विभाग** थापाथली, काठमाण्डौं
फोन नं. ०१-५९११५१९

सबल बैंक, सफल सहकार्य

www.mahalaxmibank.com